जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि






बर्ष १२ • अंक २२८ • २०८२ जेष्ठ २५ गते आईतवार • 8 Jun. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-


# आमा समूहले फेरिएको मञ्जुको जीवनशैली

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २४ जेष्ठ**



धनुषाको विदेह नगरपालिका -७ गिद्धाका मञ्जु मण्डल शनिबार घरआंगन गरेर बिहानको भात ( भोजन) पकाउने तरखरमा छिन्। उनी छोरा रौनक मण्डल (१३ महिना) लाई फकाउँदै सासुको जिम्मा लगाइन्। अव भात पकाउनका लागि सामग्री जुटाउँदै सरसफाई पहिलो प्राथमिकतामा रहेको भनिन्। खानामा पनि पोषण तत्वलाई समेट्ने प्रयास हुन्छ। तर, कहिलेकाही चाहेर पनि पोषणयुक्त तत्व खानामा सामेल गर्न नसकेको आफ्नै बाध्यता हो।

चार महिना अघिसम्म उनी भोजनमा पोषण सामग्री र सरसफाईप्रति गंभीर थिएनन्। तर, अहिले भने मञ्जुमा सरसफाई, पोषणयुक्त खानेकुरा, व्यवहार परिवर्तन र स्वास्थ्यप्रति सचेतना आएको छ। टोलका मञ्जुसहित २५ जना महिलाहरुको आमा समूह गठन गरिएको छ । सशक्त बालिका परियोजना अन्तर्गत त्याहाका महिलाहरुलाई समूहमा जोडेर सरसफाई, पोषण, व्यवहार परिवर्तन, अभिभावक सत्र लगायतको कार्यक्रममार्फत सचेत मात्र होइन, सशक्त पनि पारिएको छ। मञ्जुँगै ती टोलका महिलाहरु समस्या हुँदा पनि बसेर छलफलमार्फत समाधान निकाल्ने प्रयास गर्छिन भने अन्य कुनै कार्य गर्नुपर्ने भएपनि एकअर्काबीच समन्वय गरेको देखिन्छ। श्रीलक्ष्मी आमा समूहमा आवद्ध भएर उनीहरुले सुधारको थालनी आफ्नै घरबाट गरेका छन्। आफ्नो घर आंगन सफा र चिटिक्क पारेको हुन्छ । सफा लत्ताकपडा लगाइदिएर उनीहरुले बालबालिकालाई पनि उत्तिकै चिटिक्क राख्छिन्। प्लान इन्टरनेशनल नेपालको साझेदारीमा सामाजिक विकास र अनुसन्धान केन्द्र ( एसडीआरसी) ले संचालन गरेको सशक्त बालिका परियोजना अन्तर्गत विदेह नगरपालिका-७ मा श्रीलक्ष्मी आमा समूह गठन गरेको छ।

आमा समूहमा आवद्ध ती टोलका महिलाहरुको बोल्ने शैली, कामगर्ने, खानामा ध्यान, सरसफाईमा गंभीरता देखिन्छ । एक वर्ष अगाडि अभिभावक शिक्षा सत्रमा सहभागी मञ्जुसँगै रहेका टोलका महिलाहरु आमा समूहमार्फत संगठित भएका छन् । ग्रामीण महिलाहरुलाई चुल्होचौकोबाट फूर्सद निकाल्न मुस्किल हुनु अस्वभाविक होइन । तर, चुल्होचौकोसँगै घर परिवारलाई सफा र स्वस्थ बनाउने अभियामा अगाडि आएका छन् । मञ्जुले छोरा रौनकको खानामा विशेष ध्यान दिएकी छन् । उनी करिब चार वर्षीय छोरी स्वीटीको पनि ट्युशन र विद्यालय जाने समयको ख्याल मात्र गर्दैनन् । समयमा खाना र पोशाक पनि लगाइ दिने गरेकी छन् । बालबालिकालाई सही शिक्षा दिनुका साथै उनीहरुको राम्रो खाना सँगै संस्कार पनि दिन सक्नुपर्ने धारणा मञ्जुको छ । बालबालिकालाई संस्कार दिने कार्य अभिभावक हो, उनी भन्छिन्- यसमा बुवा र आमाको भूमिका महत्वपूर्ण छ । मञ्जुजस्तै आमा समूहका कोषाध्यक्ष रहेकी अर्चनाकुमारी पण्डितले पनि सरसफाईसँगै खानपानलाई ध्यान दिनुपर्ने बताउँछिन् । गर्भवति महिलालाई पोषणयुक्त खानेकुरा दिनुका साथै झैझगडा, विवादबाट टाढा राख्नुपर्छ, उनी भन्छिन-तीन महिनापछि पेटमै बच्चाले सुन्न थाल्छ । झैझगडा गर्दा, विवाद गर्दा, गालीगलौच, तनाबले गर्भवती महिलाको बच्चामा नकारात्मक प्रभाव पर्ने भएकाले संस्कारबारे, सकारात्मक कुराहरु गर्दा पेटमा रहेको बच्चामा पनि सकारात्मक प्रभाव पर्ने गरेको अर्चनाको बुझाइ छ। त्यसैले हरेक वार, खाना चार नारालाई आत्मसाथ गर्दै बालबालिका र घरपरिवारको सरसफाईमा ध्यान दिएको उनी बताउँछिन् । बालबालिकाहरुको स्वास्थ्य र यसमा अभिभावकहरुको भूमिका महत्वपूर्ण हुने गरेको आमा समूहको बैठकहरुमा छलफल हुने गरेको अर्चनाले सुनाइन्। 'हरेक बार खाना चार' भन्ने मूल नाराका साथ सुत्केरी तथा गर्भवती महिलालाई उक्त कार्यक्रममार्फत सचेत पारिएको छ। समूहका आमाहरुले पछिल्लो समय स्कुले बालबालिकाहरुलाई खाजा पठाउँदा र घरमै समेत खाजा उपलव्ध गराउदा जंङ्कफुडको प्रयोगमा परहेज गरेका छन्। समूहका आवद्ध महिलाहरुले हरेक अभिभावकहरुले आफ्ना नानीबाबुहरुको स्वास्थ्यलाई आजैदेखि स्वस्थ राख्नका लागि गुणस्तरीय खाजा र खाना खुवाउनुपर्ने बताउँछिन् । आमा समूहको मासिक रुपम बस्ने गरेको बैठकमा सरसफाई, पोषण, स्वच्छता, व्यवहार परिवर्तन लगायतमा सुधार गर्न प्रशिक्षण दिने गरिएको एसडीआरसीका फिल्ड सुपरभाइजर जीवछ दासले बताए । आजका बालबालिकाहरु भविष्यका कर्णधार भएकोले उनीहरुलाई स्वस्थ राख्नका लागि अभिभावकहरुले खेल्नुपर्ने भूमिका बारे बैठकहरुमा जानकारी दिने गरिएको दासले बताए ।






# विभिन्न सङ्घ संस्थाहरुको सहयोगमा साइकल र्‍यालीको आयोजना

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २४ जेष्ठ**



सडक सुरक्षा र दुर्घटना न्यूनीकरणका लागि बर्दीबासमा साइकल र्‍याली निकालिएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीको आयोजना बर्दीबास नगरपालिका, रोटरी क्लब अफ बर्दीबास, मधेश प्रदेश प्रहरी तथा जिल्ला प्रहरी महोत्तरी लगायत सङ्घ संस्थाको सहयोगमा साइकल र्‍याली आयोजना गरिएको हो ।

'तीव्र गति जीवन क्षती', 'सेफ ड्राइज लङ लाइफ', 'सवारी चलाउँदा मोबाइलको प्रयोग नगरौं', 'ट्राफिक नियम मिचेकोमा गर्व हैन शर्म गरौं' जस्ता सचेतनामूलक प्लेकार्डसहित बर्दीबास खुला चौरबाट सुरु भएको साइकल र्‍यालीले पूर्वपश्चिम लोकमार्ग, बर्दीबास जलेश्वर मार्ग र विपी राजमार्गका प्रमुख सडक चोकको परिक्रमा गरेको थियो । साइलक र्‍यालीमा साइबर्दीबास नगर प्रमुख प्रहलाद क्षेत्री, होटल तथा पर्यटन महासङ्घ मधेश प्रदेश अध्यक्ष हीरा गौतम, जिल्ला ट्राफिक प्रमुख लक्ष्मीराज जोशी, बर्दीबास साइकिलिङ क्लबका अध्यक्ष प्रदीप कार्की, बर्दीबास हेल्प फाउन्डेसनका अध्यक्ष कुमार भण्डारी, नागरिक अभियन्ता, पेसाकर्मी लगाएत सयौंको सहभाागिता थियो ।

कार्यक्रमलाई सम्वोधन गर्दै बर्दीबास नगर प्रमुख प्रहलाद क्षेत्रीले सुरक्षित यात्रा नागरिकको अधिकार भएकोले सवारी चालक, पैदल यात्रु र समजालाई ट्राफिक व्यवस्थापनमा सजग बनाउन साइकल र्‍याली जस्तो रचनात्मक कार्यक्रमले सहयोग पुऱ्याउने बताउनुभयो । त्यस अवसरमा जिल्ला ट्राफिक कार्यालय महोत्तरीका प्रमुख लक्ष्मीराज जोशीले अर्थिक वर्ष ०८१-०८२ को साउनदेखि जेठ २३ गतेसम्म गम्भिर र सामान्य प्रकृतिका गरी महोत्तरीमा ५७२ सवारी दुर्घटना हुदा ३६ जनाको मृत्यु भएको बताउनुभयो ।

जोशीले भन्नुभयो, 'यस्ता दुखान्त घटना न्यूनीकरणको उद्देश्यले सवारी चालकदेखि पैदल यात्रुसम्मलाई ट्राफिक नियमको वोध गरउन र 'सुरक्षित सडक सुरक्षित समाज' भन्ने मूल नारालाई साकार पार्न साइकल र्‍यालीको आयोजना गरिएको हो ।'




# गर्भको सुरक्षा गर्न जरुरी

मानव जीवनका गोप्यता भङ्ग गर्न डिएनए सफल भएको देखिएको छ । मानव डिएनए चिम्पान्जीको डिएनएसँग ९९ प्रतिशत मिल्दै आएको देखिन्छ। डिएनएको अध्ययनले कसैको वंशजमा तीन चार पुस्ता अगाडि महा अनिकाल भोगेका छन् भने आजको पुस्ताले पनि त्यो दु:खद अवस्थाको अनुभव गर्छ । मानिसको डिएनएले विशाल सूचनाको भण्डारण गर्न सक्छ । डिएनएको जन्मदेखि मृत्युसम्म विशेष भूमिका रहेको देखिन्छ । हिन्दु सनातन धर्ममा गर्भको पूजनको व्यवस्थापन रहेका छन् र आज पनि केही अंशमा मानिँदै आएको देखिन्छ। वैदिककाल देखि गर्भाधान संस्कार महत्वपूर्ण मानिदै आएको छ ।

सन्तानोत्पत्ति व्यक्तिगत मान्ने परम्परा थिएन । गर्भिणी महिलालाई सबैले आदर सम्मानका साथ हेर्ने चलन रहेका थिए। सुसंस्कारी बच्चा जन्माउन आमाबाबु नै संस्कारी बन्न सक्नुपर्छ ।

बच्चा जन्माउनभन्दा पहिला शास्त्रीय प्रशिक्षण दिने चलन रहदै आएका थिए । सोह्र संस्कार मध्ये गर्भाधान संस्कार पनि एक विशेष महत्वपूर्ण मानिदै आएको छ । गर्भको माध्यमबाट यो धर्तीमा प्रकट हुने जीवलाई भगवानको प्रतिनिधि मानिदै आएको देखिन्छ। गर्भको पूजन गर्भिणी र उनका पतिले मिलेर गर्नुपर्छ ।

परिवारका सदस्य, कुल कुटुम्बले पनि आशीर्वचन दिने चलन रहेका छन । दही चिउरा खान दिने चलन आज पनि देखिन्छ । आयुर्वेदमा गर्भिणीलाई विभिन्न जडीबुटी खुवाउने चलन रहेका छन। वर, पिपल, गिलोयका रस विशेष मान्यताका साथ सुघाउने चलन रहेका छन । वृक्ष देवताका प्रतीक हुन् । वरको रुख दृढता, पिपल देवयोनी, गिलोयको रुख उन्नतिको प्रतीक मानिदै आएका छन। गर्भको सुरक्षाको निमित्त आधुनिक चिकित्सा विज्ञानले पनि विशेष स्वास्थ्योपचारको व्यवस्था गरेको देखिन्छ ।

# मुस्लिम धर्मावलम्बीको पर्व बकर ईद (इदुल जोहा) देशभर मनाईयो

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २४ जेष्ठ**



मुस्लिम धर्मावलम्बीको दोस्रो महान् पर्व बकर ईद (इदुल जोहा) आज देशभरका मस्जिदमा मनाइँदै छ । इदुल फित्र अर्थात् रमजान पर्वको ७०औं दिनमा बकर ईद मनाउने धार्मिक विधि छ। मुस्लिम धर्मावलम्बीले आज बिहानै स्नान गरी नजिकैको मस्जिद वा इदगाहमा गई सामूहिक नमाज पढ्छन् । नमाज पढिसकेपछि एकापसमा शुभकामना आदान प्रदान गर्ने गरिएको छ। यस अवसरमा दरबारमार्गस्थित नेपाली जामे मस्जिद, काश्मीरी मस्जिद लगायत देशभरका मस्जिद र इदगाहमा मुस्लिम धर्मावलम्बीको घुइँचो लाग्छ। हिजरी संवत्अनुसार १४४० वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको हो।

मुस्लिम धर्म गुरु (मौलाना) रहमत अली ऐतिहासिक बकर ईद पर्वको आधार बनेका इब्राहिमको वंशमा सन् ५७१ मा मक्कामा मोहम्मद सलल्ला जन्मिई निरन्तरता दिएको बताउँछन् । जसले यो पर्व एवम् धर्मलाई पुस्तान्तर गर्न महत्वपूर्ण योगदान गर्दै हदिस नामक धर्मग्रन्थको रचना गरेका थिए ।

'यस ग्रन्थलाई अहिले मुस्लिम धार्मिक विद्यालय (मदरसा)मा समेत अध्ययन अध्यापन गराइन्छ, मक्कामा जन्मिनुभएका सलल्ला ५३ वर्षको उमेरपछि मदिनामा सर्नुभएको थियो, यही सम्झनामा अहिले पनि साउदी अरबमा पर्ने यी दुवै तीर्थस्थलमा ठूलो मेला लाग्छ,' उनले भने । यस पर्वका अवसरमा मक्का मदिना जानु शुभ मानिन्छ। मक्का मदिना जान गृह मन्त्रालयले आतेजाते विमान टिकटको व्यवस्था गरी हज यात्रा गराउने गरेको छ। यसका लागि गृह मन्त्रालय अन्तर्गत हज समितिको सचिवालय स्थापना गरिएको छ । मक्का मदिना जान नपाउने हजयात्रीसमेतले घर घरमै बकर ईद मनाउँछन्। यो पर्वको मुख्य उद्देश्य नै हज यात्रा हो। यस पर्वमा अल्लालाई खुशी पार्न मुसलमानले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बली) दिन्छन् । धार्मिक मान्यता अनुसार अल्लाहका नवी (दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माईललाई कुर्बानी गर्नुपर्ने आदेश प्राप्त भयो ।

जसलाई पालना गर्दा अल्लाह प्रशन्न भएर इस्माईलको कुर्बानी नभएर स्वर्ग (जन्नत)मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यता छ । यसैकारण अहिलेसम्म कुर्बानी गर्ने प्रचलनलाई कायम राखेको मुस्लिम धर्मावलम्बीको भनाइ छ । निसन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लाहसँग मनन्नत मागेका थिए । अल्लाहले मलाई सन्तानको सुख दियो भने म कुर्बानी गर्छु भन्ने इब्राहिमको प्रतिबद्धता थियो । सोहीअनुरुप अल्लाहले निजको परीक्षणस्वरूप सपनामा कुर्बानी गर्न पर्छ भनेका थिए भन्ने मुस्लिम धर्मावलम्बीको विश्वास छ । धेरै जनावर कुर्बानी गरे तर अल्लााह खुशी भएका थिएनन् । अन्तिममा आफ्ना सबैभन्दा प्यारा छोरालाई नै कुर्बानी गरी अल्लाहलाई राजी गर्न चाहेका थिए ।

# सात हजार ५०० गोटा कुखुराको चल्ला बरामद



**जलेश्वरटुडे समाचारदाता**
**बिरगंज, २४ जेष्ठ**

सशस्त्र प्रहरी बल पर्साले छिमेकी मुलुक भारतबाट अवैध तस्करी गरेर भित्र्याएको प्रतिबन्धित सात हजार ५०० गोटा कुखुराको चल्ला बरामद गरेको छ।

सशस्त्र प्रहरी बल पर्साबाट खटिएको टोलीले आज बिहान बहुदरमाई नगरपालिका-५ डकैला चोकबाट भारतबाट अवैध रुपमा चोरी पैठारी गरी तीन वटा भारतीय नम्बर प्लेटका मोटरसाइकलमा लोड गरेर नेपाल ल्याउँदै गरेको ७५ कार्टनु अर्थात् सात हजार ५०० गोटा प्रतिबन्धित ब्रोइलर कुखुराको चल्ला नियन्त्रणमा लिएको हो। सशस्त्र प्रहरी बल नेपाल पर्साका सूचना अधिकारी देवेन्द्रबहादुर सिंहले बरामद भएको प्रतिबन्धित कुखुराको चल्लालाई क्वारेन्टाइन कार्यालयका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि र सञ्चारकर्मीको उपस्थितिमा नष्ट गरिएको जानकारी दिए। सो चल्ला पैठारी कार्यमा प्रयोग भएका मोटरसाइकललाई आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाउने तयारी भइरहेको जनाइएको छ।





अनुरोधकर्ता
खडक नगरपालिकाको कार्यालय
सप्तरी,मधेश प्रदेश


## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: खानपानमा समस्या आउने
मिथून: आम्दानी हुने
कर्कट: मनमा पछुतो आउने
सिंह: लामो यात्राको योग छ
कन्या: अनावश्यक चिन्ता
तुला: अनावश्यक खर्चको संभावना
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| विहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| विहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# म्यानमारको सैनिक शासनले श्रमिक अधिकारसम्बन्धी राष्ट्रसङ्घीय प्रस्ताव गऱ्यो खारेज

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २४ जेष्ठ

म्यानमारको सत्तारूढ सैनिक सरकारले राष्ट्रसङ्घ अन्तर्गतको श्रम संस्था (अन्तर्राष्ट्रिय श्रम स्गठन) ले पारित गरेको श्रम अधिकारसम्बन्धी प्रस्तावलाई शनिबार खारेज गरेको छ । उसले उक्त प्रस्तावलाई 'राजनीतिक उद्देश्यले प्रेरित' भएको आरोप लगाएको छ।



श्रम सङ्गठनले बिहीबार आफ्नै नियमावलीको ३३ औं धारामा आधारित उपाय अपनाउँदै म्यान्माको सैनिक प्रशासनमाथि प्रतिबन्धसमेत लगाउन सकिने सङ्केत दिएको थियो । सो धारामा उल्लिखित व्यवस्थाहरू अत्यन्त गम्भीर मानव तथा श्रमिक अधिकार उल्लङ्घन भएको अवस्थामा लागू गरिन्छ। सङ्गठनले सबै सदस्य राष्ट्रहरूलाई म्यानमारसँगको सम्बन्धले 'कुनै पनि रूपमा श्रमिकहरूको स्वतन्त्र सङ्गठन गर्ने अधिकार र जबर्जस्ती श्रमको उल्लङ्घनलाई प्रोत्साहन र निरन्तरता दिनु हुँदैन' भनी आह्वान गरेको छ। साथै, अन्य अन्तर्राष्ट्रिय संस्थाहरूलाई पनि 'सैनिक शासन अन्तर्गत श्रमिक अधिकारको उल्लङ्घनमा प्रत्यक्ष वा परोक्षरूपमा सहयोग पुर्याउने कुनै पनि कार्य' रिपोर्ट गर्न अनुरोध गरिएको छ। यसका जवाफस्वरूप म्यानमारको श्रम मन्त्रालयले शनिबार विज्ञप्ति जारी गर्दै सो प्रस्ताव 'न्यायपूर्ण र निष्पक्ष नभएको' बताउँदै त्यसलाई 'राजनीतिक धारणाबाट प्रेरित' भनिएको छ।

## सूचना

न्यायालय में

अवर न्यायाधीश सं. 6

सीतामढी।

बटवारा वाद सं.- 447/2022

बच्चा सिंह वो................ मुदई

बनाम

रामईकवाल सिंह वो..................मुदालह

गजट

बनाम। 1। साकेत बिहारी सिंह। 2। बैकुण्ठ सिंह। 3। नरेश सिंह। 4। मुकेश सिंह

चारों पिता स्व.योगेन्द्र सिंह सभी निवासी ग्राम मनरा सिसवा नगरपालिका जलेश्वर वार्ड नं.-2 कटी पो.मनरा बाजार,थाना जलेश्वर, जिला महोत्तरी,नेपाल।

चूँ बजरिय प्रकाशन आपको सूचित किया जाता है कि मुकदमा में आप मुदा

–म को न्यायालय से रजिस्ट्री वो नजारतद्वारा सूचना दी गई बावजुद उसमे आप उपस्थित नही हुए है इसलिए बजरिये प्रकाशन आपको सूचित किया जाता है मुकदमा में अगली निर्धारित तिथि दिनांक 01/07/25 को सयम 07:30 AM बजे आप खुद या बजरिये अधिवक्ता उपस्थित होकर पक्ष प्रस्तुत करें अन्यथा बाध्य हो कर आपके खिलाफ एक पक्षीय सुनवाई कर उचित वो न्याय संगत आदेश पारित की जाएगी।

इसे ताकिंद जानें।




अनुरोधकर्ता
शम्भुनाथ नगरपालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश

# शान्तीश्री परियार र धिरज कोइरालाको स्वरमा 'सिङ्गै जोबन दिन्छु' सार्वजनिक

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २४ जेष्ठ

शान्तीश्री परियार र धिरज कोइरालाको स्वरमा 'हुन्छ मात्रै भन न मायाले, सिङ्गै जोबन दिन्छु' बोलको गीत सार्वजनिक भएको छ।



यो गीतमा मायाप्रेमको निस्वार्थ प्रस्तावका साथै पश्चिम नेपाल (विशेषतः सुर्खेत) को सांस्कृतिक र भाषिक सुगन्ध झल्किन्छ। गीतकार विक्रमबाबु विश्वकर्माले माया प्राप्तिको लागि 'सिङ्गै जोबन दिन्छु' भन्ने अभिव्यक्तिमार्फत प्रेममा आफूलाई पूर्ण रूपमा समर्पण गर्न तयार पात्रको कथालाई सुन्दर शब्दमा उनेका छन् । गीतमा उल्लेखित 'टक्क शिरमा सिन्दूर लाउली, बसी बसी मिठो खाउली' भन्ने पङ्क्तिले परम्परागत विवाहपछिको प्रेमिल जीवनको कल्पना प्रस्तुत गरिएको छ। गीतमा 'सुर्खेतमा छिन्छु' भन्ने लाइनले भौगोलिक पहिचानलाई संगीतमार्फत जोड्ने काम गरेको छ। गीतलाई नेपाली समाजको समर्पणशील प्रेम भावना, सांस्कृतिक आङ्गिकता र आधुनिक लय संयोजनको राम्रो मान्न सकिन्छ।

गीतले एउटा सामान्य प्रेम प्रस्तावलाई जनप्रिय शैलीमा प्रस्तुत गर्दै, ग्रामीण भाषिकता र सजीव संवादमार्फत श्रोतामाझ गहिरो प्रभाव छोड्ने प्रयास गरेको छ। लोकपप शैलीको यो गीतमा कोरस भोकलको रुपमा रञ्जित विश्वकर्मा, अमरराज विश्वकर्मा, शीतल कल्पना र लक्ष्मी बीसीलाई अवसर दिइएको छ भने गीतको म्युजिक भिडियोमा विजय पुन, गुड्डु तामाङ, विनु पोर्तेल र स्वयम् धीरज कोइरालाको अभिनय रहेको छ। गीत बिहीबार कोइरालाकै अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो।

# जुलियस र सन्तोषीलाई काठमाडौ २५ के उपाधि

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २४ जेष्ठ

नेपाल हेरिटेज २५ किलोमिटर रेसको उपाधि केन्याका जुलियस म्युरुकी र नेपालकी सन्तोषी श्रेष्ठले जितेका छन्।



२५ किलोमिटर पुरुषतर्फ केन्याका जुलियस म्युरुकीले १ घण्टा १६ मिनेट ४८ सेकन्डमा दूरी तय गर्दै उपाधि जिते। त्रिभुवन आर्मी क्लबका विनोद रोकाया दोस्रो भए। उनले १ घण्टा १७ मिनेट ११ सेकेन्डमा रेस पूरा गरे। १ घण्टा १८ मिनेट ५१ सेकेन्डको समयमा सुशील केसी तेस्रो भए। महिलातर्फ नेपालकी गोल्डेन रनर सन्तोषी सफल रहिन्। सुरुवात देखि अग्रता बनाएकी उनले १ घण्टा ३१ मिनेट ४३ सेकेन्डको टाइमिङमा पहिलो स्थान प्राप्त गरिन्।

आर्मीकी नीशा सार्की दोस्रो भइन्। उनले १ घन्टा ३२ मिनेट ३१ सेकेन्डमा दूरी तय गरिन्। एपिएफकी पुष्पा भण्डारी तेस्रो भइन्। उनले १ घण्टा ३८ मिनेट ०९ सेकेन्डमा दूरी तय गरिन्। महिला र पुरुष दुवैतर्फ विजेताले १ लाख, दोस्रोले ५० हजार र तेस्रो २५ हजार रुपैयाँ प्राप्त गरे। ५ किलोमिटर अन्तर्गत यू-१८ पुरूषमा अजय पाण्डे क्षेत्री पहिलो भए। उनले १७ मिनेट १२ सेकेन्डमा दौड सकाए। १७ मिनेट ४४ सेकेन्डमा दूरी तय गरेका सन्दीप सेन्चुरी दोस्रो हुँदा अमृत विश्वकर्मा तेस्रो भए।

उनले १८ मिनेट १३ सेकेन्डको टाइमिङ निकाले। यू-१८ महिलामा २१ मिनेट ४७. ६६ सेकेन्डको टाइमिङमा अस्मिता भुजेल पहिलो भइन्। भगवती खड्का दोस्रो र आयुष्मा आचार्य तेस्रो भए। भगवतीले २२ मिनेट २७ दशमलव ८७ सेकेन्डमा र आयुष्माले २३ मिनेट ३०. ७८ सेकेन्डको टाइमिङमा रेस सकाएका थिए। ५ किलोमिटर भेट्रान पुरुषमा धर्म महर्जन पहिलो भए। उनले १८ मिनेट ३१ मिनेट ३१. १५ सेकेन्डको टाइमिङमा उपाधि जित्न सफल भए। लेप्सङ तामाङ दोस्रो र राम चन्द्र श्रेष्ठ तेस्रो भए।




अनुरोधकर्ता
हनुमाननगर कंकालिनी नगरपालिका
सप्तरी, मधेश प्रदेश

# विश्वविद्यालयको स्वाभिमानमा चोट

-विश्वविद्यालय योग्य, क्षमतावान्, कर्तव्यनिष्ठ र नैतिकवान् व्यक्तिहरूको साझा फूलबारी र चौतारी बन्न सक्नुपर्छ। त्यसका लागि विश्वविद्यालय सञ्चालन गर्ने जिम्मा पाएको प्राज्ञिक क्षेत्र र प्राज्ञिक मनोविज्ञान एउटै र पारदर्शी तथा इमानदार बन्नैपर्छ भने प्राध्यापकहरू पनि आफ्नो जिम्मेवारीप्रति उत्तरदायी बन्नुपर्छ। देशको सबैभन्दा ठूलो र धेरै विद्यार्थी अध्ययन गर्ने त्रिभुवन विश्वविद्यालय यति बेला विद्यार्थी संगठनको निसाना बन्दै गइरहेको छ। विश्वविद्यालय विद्यार्थी संगठन, प्राध्यापक तथा कर्मचारीको आन्दोलन गर्ने स्थल बन्न पुगेको छ। चाहे पदाधिकारीको नियुक्तिको विषय होस् चाहे कर्मचारीको नियुक्तिको विषय-विभिन्न संघ-संगठनको स्वार्थपूर्तिको क्षेत्र यही विश्वविद्यालय बनिरहेको छ। स्नातक तहदेखि विद्यावारिधिसम्मका विद्यार्थीको भविष्यको रेखा कोर्ने जिम्मेवारी त्रिविले बोकेकामा कुनै सन्देह छैन। तर यति बेला यही विश्वविद्यालय सत्तापक्षकै विद्यार्थी संघ-संगठनको निसानामा पर्नु चिन्ताको विषय हो। पछिल्लो घटनाक्रम हेर्ने हो भने सत्ता पक्षकै विद्यार्थी संघ-संगठनका नेतादेखि कार्यकर्तासम्म विश्वविद्यालय तोडफोड गर्ने, आगजनी गर्ने कार्यमा निरन्तर लागिरहेका छन्। पटक-पटक त्रिवि कार्यकारी परिषद्को बैठक बस्छ, बैठकले संलग्न व्यक्तिलाई कारबाहीको सिफारिस पनि गर्छ तर राजनीतिक पहुँचका आधारमा ती आवाजलाई दबाइन्छ। आखिर सधैं किन यस्तो हुन्छ ? यति बेला सबै सरोकारवालाको चासोको विषय यही बनेको छ। त्रिवि किन अन्योलग्रस्त र समस्याग्रस्त बन्न पुग्यो त ? यसको उत्तर सम्बन्धित पक्षले दिनु पर्दैन ? राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा चर्चा कमाएको करिब ८० प्रतिशत उच्च शिक्षाको भार एक्लै बोकेर अगाडि बढेको त्रिविका उपकुलपतिले राजीनामा दिएको पनि महिनौं बितिसकेको छ। सरकारले ढिलै भए पनि उपकुलपति नियुक्तिका लागि शिक्षामन्त्रीको अध्यक्षतामा तीन सदस्यीय सिफारिस समिति गठन गरेको छ। यति ठूलो विश्वविद्यालयमा उपकुलपति निमित्त, शिक्षाध्यक्ष निमित्त बनेर कार्य गरेको पनि धेरै समय भइसकेको छ। यतिका समय हुँदा पनि उपकुलपतिलगायत अन्य पदाधिकारी नियुक्त नहुँदासमेत सरकारी पक्ष, शैक्षिक जगत्, प्राध्यापक संगठन र विद्यार्थी संगठन मौन बस्नुले शैक्षिक जगत् आश्चर्यचकित बन्न पुगेको छ। राज्यले त्रिविजस्तो गरिमा बोकेको संस्थाको उचाइ बचाउने कोसिस र पहलकदमी किन गर्दैन हँ ? देशभर ८० प्रतिशत निजी शैक्षिक संस्थाको आबद्धता त्रिविमा पढाउने प्राध्यापकको नै छ।

देशको सर्वाङ्गीण विकासका लागि उच्चस्तरीय सक्षम नीति निर्माण गर्ने व्यक्तिको पहल र प्रयत्नमा पूर्णतया नाफामूलक र व्यापारिक दृष्टिकोणबाट निजी शैक्षिक संस्था सञ्चालन गर्नु श्रमजीवी र सर्वहारा वर्गका छोराछोरीको उच्च शिक्षा सर्वसुलभ र गुणस्तरीय पाऊँ भन्ने चाहनामाथिको कुठाराघात हो कि होइन ? यसको जवाफ प्राज्ञिक तथा त्रिविका गुरुहरूले दिनुपर्छ कि पर्दैन ? यसको उत्तर विद्यार्थी संगठनहरूले खोज्नुपर्छ कि पर्दैन ? मुलुकमा त्रिविजस्तो शैक्षिक संस्था खोलिनु आफैंमा राम्रो कुरा हो। तर संस्थाका



नाममा सर्वसाधारणको पहँककचभन्दा माथि गई शिक्षालाई कमाई खाने भाँडोका रूपमा सञ्चालन गरिन्छ भने आदरणीय प्राज्ञिक व्यक्तित्व, विद्यार्थी संगठन र सम्बन्धित पक्षले प्रश्न गर्ने कि नगर्ने ? त्रिविको लोगो बेचेर निजी शैक्षिक संस्थामा व्यापारको खेती गर्ने, घाम चर्कियो भने पनि क्याम्पस नजाने, गएमा १० मिनेट ढिला पुग्ने, समयावधि नसकिँदै १० मिनेट पहिला कक्षाकोठा छोड्ने, अध्ययन बिदा लिएर ट्युसन कोचिङ पढाउने, प्राध्यापकका नाममा राजनीति गर्ने, त्रिविको लोगो बेचेर विज्ञापनमा निजी शैक्षिक संस्थामा सजिने कार्यलाई प्राज्ञिक व्यक्तित्वहरूको विश्वविद्यालय प्रतिको सङ्कीर्ण प्राज्ञिक हेराइ भन्ने कि नभन्ने ? उपल्लो स्तरको जनशक्ति सिर्जना गर्न सफल त्रिविका प्राज्ञिक व्यक्तित्वहरूको कालीदास प्रवृत्तिका कारण त्रिवि यो अवस्थामा आइपुगेको हो भनेर सबै सरोकारवालाले भन्ने गर्छन्। विश्वविद्यालयमा पाउने सुविधा सबै लिने अनि राम्रोसँग पढाउँदै नपढाइ तलबभत्ता खाने तर विश्वविद्यालयको हितमा भन्दा आफ्नो निजी लगानीमा खोलिएका कलेजको विज्ञापन गर्ने, आफूलाई विश्वविद्यालयका प्राज्ञिक भन्ने व्यक्तित्वहरू विश्वविद्यालयको प्रतिष्ठा, गौरव, संरचनाको शैक्षिक वातावरण भत्काउन लागि परिरहेका छन् भनेर सरोकारवालाले प्रश्न गर्ने कि नगर्ने ? यतिका समयसम्म त्रिविमा पदाधिकारी नियुक्त नहुँदा न राज्यलाई चासो छ, न त प्राज्ञिक व्यक्तित्वलाई नै। न राजनीतिक दल, न त विद्यार्थी संगठनलाई नै यसबारे चिन्ता छ। त्रिविको प्रतिष्ठा र मर्यादालाई कमजोर बनाई शैक्षिक व्यापारीकरणका व्यापारीहरू लौ अब त्रिवि खत्तम भयो, यसको भविष्य छैन भनी मिडियाबाजी गरिरहेका छन्।

आफूहरू नाफा घाटाको जोडघटाउ गरिरहेका छन्। अनि आफूहरूलाई उच्चकोटिको प्राज्ञिकताको कित्तामा उभ्याई राजनीतिक पार्टीका नेताहरूको घरदैलामा चहार्दै भागबन्डाको भागीदार बन्न जी-हजुरी गर्नुलाई विडम्बनासिवाय के भन्न सकिएला र ? विश्वविद्यालयलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्नैपर्छ भनेर न्वारनदेखिको बल लगाई कुर्लिन पनि उनीहरू नै पछि पर्दैनन्। यति बेला सहजै अनुमान गर्न सकिन्छ त्रिवि बन्द-हडताल, तालाबन्दीको केन्द्र बनिरहेको छ, सत्ता पक्षकै बलबाट।

साभार : कान्तिपुर।





अनुरोधकर्ता
कञ्चनरूप नगरपालिकाको कार्यालय
सप्तरी,मधेश प्रदेश

पत्रिका/पेपर
कम्प्यूटराईज गराउन सम्झनुहोस।





सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




कामिनी ब्युटी पार्लर,जलेश्वर,महोत्तरी

उपभोक्ता हित संरक्षण गर्दै स्वच्छ बजार कायम गरौ !!!

-वस्तु वा सेवा प्रदायक व्यवसायको दर्ता तथा नवीकरण गरौ।
-बिक्रेताले आफ्नो व्यवसायको साइनबोर्ड र बिक्री कक्षमा मूल्य सूचि राखौ।
-उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख नगरिएका प्याकेजिङ गरिएको वस्तुको बिक्रि वितरण नगरौ।
-म्याद नाघेको खाद्य तथा उपभोग्य वस्तुहरु अलग्गै राखी समयसमयमा नष्ट गर्ने बानी बसालौ।
-माछामासु, फलफुल, मिठाई पसल, डेरी र होटल वधशाला वा माछा मासु बिक्रिस्थलको नियमित सरसफाई गरौ।
-तरकारी, फलफूल, माछा, मासु, मिठाई पसल, डेरी, होटल लगायतका खाद्य वस्तु मापदण्ड बमोजिम निर्धारित स्थानमा मात्र बिक्रि गरौ।
-बिल बिजक जारी गरेर मात्र व्यापारीक कारोबार गरौ।
-व्यापारिक क्रियाकलापमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गरौ।
-कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना, प्रतिस्पर्धा नियन्त्रण जस्ता गैर व्यवसायिक कार्य नगरौ।
-व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गरौ।
-उपभोक्ता संरक्षण ऐन, २०७५ र प्रचलित कानून विपरितको कार्य गरेको पाईएमा सोहिबमोजिम कारबाही गरिने जानकारी गराइन्छ।

अनुरोधकर्ता
घरेलु तथा साना उद्योग कार्यालय, धनुषा


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday